राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ फागुन ५ गते

**रामकुमार शर्मा र कलामुदिन राइनको जीवन रक्षा गरी वार्ताबाट समस्याको समाधान गर्न आग्रह ।**

जनकपुर क्षेत्रको बृहत्तर विकास लगायत सातबुँदे माग राखी मिति ०७३।१०।२० गते देखी अनसनरत बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का अध्यक्ष रामकुमार शर्मा र सदस्य कलामुदिन राइनको स्वास्थ्य अवस्थाको सम्बन्धमा आयोगले नियमित अनुगमन गरिरहेको छ । आयोगको अनुगमनबाट वहाँहरुको स्वास्थ्य स्थिती कमजोर बन्दै गएको पाइएको छ । अनसन बसेको लामो समय व्यतित भैसक्दा पनि समस्याको उचित सम्बोधनमा भएको ढिलाई प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

विकास एक नियमित प्रकृया हो । विकाससँग मानव अधिकारका कयौं सवालहरुको प्रत्यक्ष र परोक्ष रुपमा सम्बन्ध रहेको हुन्छ । वहाँहरुले उठाएका माँगहरु ऐतिहासिक सम्पदाको संरक्षण तथा विकासको अधिकारसँगै सम्बन्धित देखिएका छन् । सार्थक वार्ता तथा संवादबाट नै समस्या समाधान गर्न सरकार र अनसनरत पक्ष संवेदनशील हुनु पर्दछ । अतः अनसनरत पक्षले उठाएका मागहरुलाई उचित सम्बोधन गर्न सरकारले तत्काल आवश्यक पहल गरी वार्ताका माध्यमबाट समस्याको समाधान गर्न तथा वहाँहरुको जीवन रक्षा गर्न संवेदनशील हुन आयोग नेपाल सरकार समक्ष आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org